आज मिति २०८१ साल कार्तिक १३ गतेका दिन आदर्श नगरपालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपसिलबमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

1. श्री प्रकाश भण्डारी नगर प्रमुख आदर्श नगरपालिका [illegible]
- श्री स्वस्तिका स्वाँकोटा नगर उपप्रमुख 〃 〃
- श्री प्रदिप पाण्डेय वडाध्यक्ष वडा नं. १ 〃 〃
- श्री स्वविन हमाल वडाध्यक्ष वडा नं. २ 〃 〃
- श्री तुलसा भण्डारी वडाध्यक्ष वडा नं. ३ 〃 〃
- श्री किशोर कुमार हमाल 〃 〃 वडा नं. ४ 〃 〃
- श्री प्रदिप ओली 〃 〃 वडा नं. ५ 〃 〃
- श्री गोकराज बुढाथोकी 〃 〃 वडा नं. ६ 〃 〃
- श्री लिला बहादुर रोका 〃 〃 वडा नं. ७ 〃 〃
- श्री लक्ष्मण बुढाथोकी 〃 〃 वडा नं. ८ 〃 〃
- श्री हेमेन्द्र कुमार बुढाथोकी 〃 〃 वडा नं. ९ 〃 〃
- श्री कृष्ण बहादुर बोहरा 〃 〃 वडा नं. १० 〃 〃
- श्री राजेश कुमार शाह 〃 〃 वडा नं. ११ 〃 〃
- श्री सुरेन्द्र बुढा 〃 〃 वडा नं. १२ 〃 〃
- श्री जंग बहादुर बुढा 〃 〃 वडा नं. १३ 〃 〃
- श्री प्रकाश पुन 〃 〃 वडा नं. १४ 〃 〃
- श्री लोकमान बुढाथोकी 〃 〃 वडा नं. १५ 〃 〃
- श्री रत्ना कुमारी बुढाथोकी नगर कार्यपालिका सदस्य 〃 〃
- श्री मञ्जु पोखरेल 〃 〃
- श्री भगवती बोहरा 〃 〃
- श्री इन्द्रा कुमारी डाङ्गी 〃 〃
- श्री पुष्पा नेपाली 〃 〃
- श्री गोमा पोखरेल 〃 〃
- श्री प्राण कुमार साई 〃 〃
- श्री दिपक विश्वकर्मा 〃 〃
- श्री ओम प्रकाश देवकोटा सदस्य सचिव 〃 〃

शारदा नगरपालिका
नगरपालिकाको कार्यालय
खलङ्गा, सल्यान

**कार्यपालिका बैठक संख्या नं. ३८** **स्थानः नगरपालिका भवन** **मिति २०८१/०७/१३ गते**

**<u>प्रस्तावहरुः</u>**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून निर्माण सम्बन्धमा।
३. रिक्त पदहरुको पूर्तिका लागि लोक सेवा आयोगमा माग गर्ने सम्बन्धमा।
४. कर्मचारीकहरुको पदस्थापन सम्बन्धमा।
५. ललितपुर महानगरपालिकालाई प्रस्ताव पठाउने सम्बन्धमा।
६. तार्केश्वर नगरपालिकालाई प्रस्ताव पेश गर्ने सम्बन्धमा।
७. सडक वोर्ड नेपालमा कार्यक्रम प्रस्ताव पेश गर्ने सम्बन्धमा।
८. भू उपयोग परिषद् तथा कार्यान्वयन समिति गठन सम्बन्धमा।
९. ट्यूसन सेन्टर, जिम हाउस र क्लब दर्ता गर्ने सम्बन्धमा।
१०. प्रस्तावना स्वीकृति तथा कार्य सहमति सम्बन्धमा।
११. वाकी टाकी खरिद सम्बन्धमा।
१२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सुझाव कार्यान्वयन सम्बन्धमा।
१३. खरको छाना विस्थापनको रकम माग सम्बन्धमा।
१४. शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा।
१५. सार्वजनिक जगामा बनेका घरको कर तोक्ने सम्बन्धमा।
१६. सार्वजनिक सुनुवाई सम्बन्धमा।
१७. विविध।

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

शारदा नगरपालिका
नगर पालिकाको कार्यालय
खलङ्गा, सल्यान

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिका बैठकमा पेश हुन आएको विपद् राहत वितरण मापदण्ड,२०८१ स्वीकृत गर्नुका साथै तपसीलमा उल्लेखित कानूनहरु अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो

(१) बसपार्क व्यवस्थापन कार्यविधि, २०८१

(२) विद्यालय खानेपानी तथा सरसफाई सम्बन्धी कार्यविधि, २०८१

**निर्णय नं. ३**

नेपाल सरकारबाट स्वीकृत भएका यस शारदा नगरपालिका तपसीलका रिक्त पद पूर्तिका लागि कर्णाली प्रदेश लोक सेवा आयोगमा यथाशीघ्र पत्राचार गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**शारदा नगर कार्यपालिकाको कार्यालयको रिक्त दरबन्दी विवरण**

| क्र.स. | पदको नाम | तह | सेवा | समूह/उप-समूह | स्वीकृत दरबन्दी | पुर्ति दरबन्दी | रिक्त दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १० | प्रशासन | सा.प्र. | १ | ० | १ | |
| २ | शिक्षा अधिकारी | ९/१० | शिक्षा | शि.प्र | १ | ० | १ | २०८०/०४/०४ मा प्रदेश लोक सेवा आयोगमा माग गरी पठाएको |
| ३ | सि.डि.ई. | ९/१० | इन्जि | सिभिल | १ | ० | १ | |
| ४ | लेखा अधिकृत | ७/८ | प्रशासन | लेखा | १ | ० | १ | |
| ५ | इन्जिनियर | ७/८ | इन्जि | सिभिल | १ | ० | १ | |
| ६ | कृषि अधिकृत | ७/८ | कृषि | कृषि प्रसार | १ | ० | १ | |
| ७ | पशु चिकित्सक | ७/८ | कृषि | भेटेनरी | १ | ० | १ | |
| ८ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | २ | ० | १ | |
| ९ | हेल्थ असिस्टेन्ट | ५/६ | स्वास्थ्य | हे.ई | ८ | ६ | २ | |
| १० | सहायक | ५ | प्रशासन | सा.प्र. | १२ | ७ | ५ | |
| ११ | सब-इन्जिनियर | ५ | इन्जि | सिभिल | ९ | १ | ८ | |
| १२ | प्रा. स. | ५ | शिक्षा | शि.प्र | १ | ० | १ | |
| १३ | प्रा. स. | ५ | कृषि | कृषि | २ | ० | २ | |
| १४ | सहायक | ४ | प्रशासन | सा.प्र. | ९ | ६ | ३ | |

कार्यपालिका बैठक २०८१ कार्तिक १३ गते

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | असि. सब-इन्जिनियर | ४ | इन्जि | सिभिल | ८ | ६ | २ | |
| १६ | ना. प्रा. स. | ४ | कृषि | पशु/ला.पो | १ | ० | १ | |
| १७ | अ. हे. ब. | ४ | स्वास्थ्य | हे. इ. | ७ | ६ | १ | |

**निर्णय नं. ४**

कर्णाली प्रदेश स्थानीय सेवा (गठन र सञ्चालन) ऐन, २०८१ को दफा १३६ मा उल्लेख भए बमोजिम कर्मचारी पदस्थापना सम्बन्धी विशेष व्यवस्था अनुसार यस नगर कार्यपालिको कार्यालयमा सिफारिश भई हाल अन्यत्र कामकाज गरिरहेका र अन्यत्र स्थानीय तहबाट यस नगर कार्यपालिकाको कार्यालयमा कामकाजका लागि खटी आएका तपसीलका कर्मचारीहरुलाई पदस्थापनाका लागि कर्णाली प्रदेश सरकार, मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिश गर्ने निर्णय गरियो ।

| | विभिन्न मितिमा शारदा नगरपालिकाबाट सरुवा भई गएका कर्मचारीहरु | | | | |
|---|---|---|---|---|---|
| क्र.स. | नाम थर | पद | तह | सरुवा भएको स्थानीय तह | हाल कार्यरत प्रदेश |
| १ | सुवास चन्द्र यादव | अ.स.ईन्जिनियर | सहायक चौथो | धनुषा सरुवा | मधेस प्रदेश |
| २ | दर्शना गौतम | सब ईन्जिनियर | सहायक पाँचौं | मुसिकोट न.पा., पश्चिम रुकुम | कर्णाली प्रदेश |
| ३ | राजाराम चौधरी | सब ईन्जिनियर | सहायक पाँचौं | घोराही उ.न.पा., दाङ | लुम्बिनी प्रदेश |
| ४ | लड्डु कुमार शाह | सब ईन्जिनियर | सहायक पाँचौं | छिपराई गाउँपालिका, पर्सा | मधेस प्रदेश |
| ५ | चित्र बहादुर ढकाल | अधिकृत छैठौं | अधिकृत छैठौं | गुर्भाकोट न.पा., सुर्खेत | कर्णाली प्रदेश |
| ६ | शिव प्रसाद गौतम | प्रा. स. शिक्षा | सहायक पाँचौं | चौकुने गा.पा., सुर्खेत | कर्णाली प्रदेश |
| ७ | राजेन्द्र थारु | अ. स. ईन्जिनियर | सहायक चौथो | खजुरा गाउँपालिका, बाँके | लुम्बिनी प्रदेश |
| ८ | तुफान जिजंग के.सी. | ईन्जिनियर | छैठौं तह | मुसिकोट न.पा., पश्चिम रुकुम | कर्णाली प्रदेश |

२०७८ पुसमा विभिन्न स्थानीय तहबाट शारदा नगरपालिकामा सरुवा भई आएका कर्मचारीहरु

| क्र.स. | नाम थर | पद | तह | साविकको कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | संगिता कुमारी बपाल | स.म.वि.नि. | सहायक चौथो | बसबरिया गा.पा., सर्लाही | |
| २ | पदम बहादुर घर्ति | प्रशासन सहायक | सहायक चौथो | सर्केगाड गा.पा., हुम्ला | |
| ३ | विशाल के.सी. | अ. सब/ईन्जिनियर | सहायक चौथो | बडिगाड गा.पा., बाग्लुङ | |
| ४ | नरेन्द्र खड्का | अ. सब/ईन्जिनियर | सहायक चौथो | गैडाकोट न.पा., नवलपुर (ब.सु.पू.) | |

**निर्णय नं. ५**

शारदा नगरपालिकासंग भगिनी सम्बन्ध कायम भएको ललितपुर महानगरपालिकाबाट यस नगरपालिकाको विकासमा सहयोग पुग्ने गरी विनियोजन भएको रकम निकासाका लागि आवश्यक लागत अनुमान सहित प्रस्तावना पेश गर्ने निर्णय गरियो ।

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका बैठक २०८१ कार्तिक १३ गते

CamScanner

शारदा नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
खलङ्गा, सल्यान

**निर्णय नं. ६**

शारदा नगरपालिकासंग भगिनी सम्बन्ध कायम भएको तारकेश्वर नगरपालिका काठमाण्डौबाट यस नगरपालिकालाई प्राप्त हुने एम्बुलेन्सको लागि विनियोजन भएको रकम निकासाका लागि आवश्यक कागजात सहित प्रस्तावना पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगरपालिकाको विकासमा सहयोग पुग्ने गरी सडक बोर्ड नेपालबाट विनियोजन भएको रकमलाई तपसीलका योजनाहरु निर्माण गर्नका आवश्यक कागजात सहित तोकिएको समयमा प्रस्तावना पेश गर्ने निर्णय गरियो ।

तपसीलः

१. रामेखोला देखि कजेरी जाने बाटामा सल्याब निर्माण
२. बरला देखि माल्नेटा जाने बाटोमा पि सि सि निर्माण

**निर्णय नं. ८**

भू उपयोग ऐन, २०७६ बमोजिम तपसील अनुसारको शारदा नगरपालिका स्तरीय भू उपयोग परिषद् र भू उपयोग कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

(क) ऐनको दफा १८(२) बमोजिम नगरकार्यपालिका नै भू उपयोग परिषद्को रुपमा रहने ।
(ख) ऐनको दफा २०(१) बमोजिम तपसील अनुसारको भू उपयोग कार्यान्वयन समिति गठन गर्नेः

| | |
|---|---|
| (१) नगर प्रमुख श्री प्रकाश भण्डारी | संयोजक |
| (२) सम्बन्धित वडाध्यक्ष | सदस्य |
| (३) कृषि/पूर्वाधार/वन/भूमि/योजना शाखा प्रमुख | सदस्य |
| (४) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं. ९**

शारदा नगरपालिका भित्र कानूनी रुपमा दर्ता नभई सञ्चालनमा रहेका ट्यूशन सेन्टर, जिम हाउस र क्लबहरुलाई २०८१ मंसिर मसान्तसम्म दर्ता भई सञ्चालन गर्ने गरी सूचना आव्हान गर्ने र सो समय सीमाभित्र दर्ता हुन नआउनेलाई कानून बमोजिम कार्वाही गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

शारदा नगरपालिकाको बाल विवाह अन्त्यका लागि रणनीतिक योजना निर्माण गर्न बाल विवाह विरुद्ध साझा अभियान संजाल कर्णाली प्रदेश सचिवालय (आवाज) विरेन्द्रनगर, सुर्खेतले पेश गरेको प्रस्तावना स्वीकृत गर्नुका साथै नगरपालिकासंग साझेदारी गरी काम गर्न सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

शारदा नगरपालिका भित्र कार्यरत नगर प्रहरीलाई सूचना आदान प्रदान तथा कार्य सञ्चालनमा सहयोग पुग्ने गरी तपसील अनुसारको विस्तृत विवरण भएको **Walkie Talkie** खरिद गर्ने निर्णय गरियो ।

कार्यपालिका बैठक २०८१ कार्तिक १३ गते

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

तपसीलः

**ICOM POC Radio IP503H Push-to-talk instant communications wide area coverage over LTE (4G) AND 3G network talk and listen simultaneously: full-Duplex conversation High-quality audio through powerful 900MW Speaker.**

**निर्णय नं. १२**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाण्डौको मिति २०८१/०७/०८ गतेको पत्र साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०६/०२ गतेको निर्णय बैठकमा छलफल भई यसको प्रभावकारी कार्यान्वयन गर्न प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

आर्थिक वर्ष २०८०/८१ सम्म शारदा नगरपालिका भित्रका विपन्न नागरिकहरुको खरको छानो विस्थापन कार्यका लागि विनियोजन भई आएको रकम यस आर्थिक वर्षमा नेपाल सरकारबाट विनियोजन नभएकोले सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

शारदा नगरपालिका नगर शिक्षा समितिको मिति २०८१ असोज १४ र २२ गतेको बैठको निर्णय अनुमोदन गरियो ।

**निर्णय नं. १५**

शारदा नगरपालिका भित्रका सार्वजनिक जग्गा प्रयोग गरी बनाएका घरहरुको तपसील अनुसारको वार्षिक कर निर्धारण गर्ने र बहाल बिटौरी सम्बन्धमा कार्यविधिमा उल्लेख भएको कर उठाउने निर्णय गरियो ।

(क) ५ कोठा सम्म भएको घरको कर रु. ३००/

(ख) ६ कोठा देखि १० कोठा सम्म भएको घरको कर रु. ६००/

(ग) ११ कोठा देखि १५ कोठा सम्म भएको घरको कर रु. ९००/

(घ) १५ कोठा देखि माथि भएको घरको कर रु. १२००/

**निर्णय नं. १६**

यस शारदा नगरपालिकाको आर्थिक वर्षको प्रथम चौमासिक अवधिको सार्वनिक सुनुवाई तपसील अनुसार गर्ने निर्णय गरियो ।

(क) मिति २०८१ मंसिर ०१ गते पालिकास्तरीय सार्वजनिक सुनुवाई शारदा न पा वार्ड नं १ श्रीनगर

(ख) मिति २०८१ कार्तिक २९ गते वडास्तरीय सार्वजनिक सुनुवाई शारदा न पा वार्ड नं ३ नयाँबसपार्क

**निर्णय नं. १७**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो ।

(क) यस शारदा नगरपालिकामा कार्यरत कार्यालय सहयोगी ओइलु रोकायको मिति २०८१ कार्तिक ५ गते असामयिक निधन भएकोमा स्वर्गीय ओइलु रोकाया प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै उहाँको परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने ।

कार्यपालिका बैठक २०८१ कार्तिक १३ गते

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

शारदा नगरपालिका नगरपालिकाको कार्यालय खलङ्गा, सल्यान

CamScanner

शारदा नगरपालिका
नगरपालिकाको कार्यालय
खलङ्गा, सल्यान

(ख) यस शारदा नगरपालिका भित्र रहेका सामुदायिक वनहरुसंग सहकार्य तथा समन्वय वृद्दि गर्ने हेतुले प्रत्येक वडाले आफ्नो क्षत्राधिकार भित्र रहेका सामुदायिक वनलाई सूचीकृत गर्न वडामा लगत तयार गरी नगरपालिकामा सिफारिश गर्ने र आवश्यक सहजीकरणका लागि डिभिजन वन कार्यालयलाई अनुरोध गर्ने।

ओमप्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत



CamScanner